मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

अन्तर्राष्ट्रिय झापाली समाजले दियो पत्रकार उपचार कोषलाई ५१ हजार: पृष्ठ २



◆ वर्ष : २४ ◆ अङ्क : ३२१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज २७ गते सोमवार (Monday, October 14. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आगलागीमा ९ घर नष्ट

**दमक, असोज २६।** झापाको दमक-३स्थित भुटानी शरणार्थी शिविरमा आइतवार बिहान आगलागी भएको छ।

दमकको उत्तरी क्षेत्र बेलडाँगी-२स्थित बाक्लो बस्ती रहेको शिविरमा ग्यास चुल्होबाट निस्केको आगोले शिविरका नौ ओटा छाप्रा पूर्णरुपमा क्षति पुगेको वडाध्यक्ष नवीन बरालले जानकारी दिए। आगलागीबाट अन्य छाप्रा जोगाउनका लागि केही छाप्रा भत्काइएको थियो।

नगरपालिकाको बारुणयन्त्र, स्थानीयवासी र सुरक्षाकर्मीको प्रयासबाट आगो निभाइएको इलाका प्रहरी कार्यालय दमकका प्रमुख श्यामल सुब्बाले जानकारी दिए। आगलागीबाट एक जना शरणार्थी सामान्य घाइते भएका छन् भने २८ लाख ७० हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।



# दुई खर्बको पूर्वाधारमा चीनको साझेदारी



## चीनका राष्ट्रपति स्वदेश फिर्ता, २० बुँदे सम्झौता

**झापा, असोज २६।** राष्ट्रपति विद्यादेवी भण्डारीको मैत्रीपूर्ण निमन्त्रणामा जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी चिनफिङ नेपालको द्विदिवसीय राजकीय भ्रमण पूरा गरी आइतवार विशेष विमानबाट स्वदेश प्रस्थान गरेका छन्।

राष्ट्रपति भण्डारीले आफ्ना चिनियाँ समकक्षी सीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा बिदाइ गरिन्। सीले नेपाल बसाईका क्रममा विभिन्न राजनीतिक दलका नेता तथा समकक्षी भण्डारी, प्रंधानमन्त्री केपी शर्मा ओली लगायतसँग भेटवार्ता गरेका थिए।

यसैबीच प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमण भव्य रुपमा सम्पन्न भएको बताएका छन्। दुई दिने राजकीय भ्रमण सकेर सी स्वदेश फर्किएपछि प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत भ्रमण भव्य रुपमा सम्पन्न भएको बताएका हुन्।

सामाजिक सञ्जाल ट्वीटरमा एउटा सन्देश लेख्दै प्रधानमन्त्री ओलीले 'सी चिनफिङको दुई दिवसीय ऐतिहासिक नेपाल भ्रमण भव्य रुपमा सम्पन्न भएको बताएका हुन्। सीको भ्रमणबाट नेपाल-चीनबीचको सम्बन्धले नयाँ उचाई र गतिशीलता प्राप्त गरेको पनि ओलीले दाबी गरेका छन्।

**दुई आयोजना नेपाल र चीनका सरकारी कम्पनीले निर्माण गर्ने**

सरकारी स्वामित्वको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडीसीएल) र चीनको पावर चाइनाले संयुक्त रुपमा दुई जलाशययुक्त आयोजना संयुक्त रुपमा निर्माण गर्ने भएका छन्। ती आयोजनाको कूल लागत रु. दुई खर्बभन्दा बढी रहने छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङका नेपालको दुई दिवसीय राजकीय भ्रमणमा क्रममा ती आयोजना निर्माण गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो। ऊर्जा

*(बाँकी अन्तिम पृष्ठमा)*

### यस्तो छ सम्झौताको २० बुँदा

१. नेपाल र जनवादी गणतन्त्र चीनबीच सीमा व्यवस्थापन प्रणाली सम्झौता।

२. नेपाल र जनवादी गणतन्त्र चीनबीच शासकीय क्षमता अभिवृद्धि तथा आदानप्रदानका लागि सम्बन्धी समझदारीपत्र।

३. नेपाल र जनवादी गणतन्त्र चीनबीच आपराधिक गतिविधि नियन्त्रणसम्बन्धी कानूनी सहायता सन्धी।

४. नेपाल र जनवादी गणतन्त्र चीनबीच सगरमाथा क्षेत्रको पर्यावरणीय संरक्षण सम्बन्धी समझदारीपत्र।

५. नेपाल र जनवादी गणतन्त्र चीनबीच राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'संविधान कार्यान्वयनको जिम्मेवारी सबैको'



**बिर्तामोड, असोज २६।** नेपाली कांग्रेसले झापाले आइतवार शुभकामना आदान-प्रदान तथा चियापान सम्पन्न गरेको छ।

वि.सं. २०३३मा जननेता वीपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर स्वदेश फर्केपछि २०३४ सालदेखि कोजाग्रत पूर्णिमाका दिन प्रत्येक बर्ष गरिँदै आएको शुभकामना आदान-प्रदान कार्यक्रमलाई यसबर्ष पनि निरन्तरता दिइएको हो।

यसअघि केन्द्रीय समितिले मात्रै गर्दै आएको शुभकामना आदान-प्रदान कार्यक्रम गत बर्षदेखि देशभरका जिल्ला समितिले पनि आयोजना गर्दै आएका छन्। सोही कार्यक्रमलाई निरन्तरता दिँदै नेपाली कांग्रेस झापाले आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा झापामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

**कांग्रेसको चियापान**

संक्षिप्त औपचारिक कार्यक्रम र बढी अनौपचारिक रुपमा शुभकामना आदान-प्रदान गरेको कार्यक्रम संविधानसभा सदस्य तथा नेपाली कांग्रेस झापाका पूर्वसभापति सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिवाकोटीले दुई ठूला मुलुकका बीचमा रहेको नेपालले दुवै देशबीच सामञ्जस्य कायम राख्न दलीय एकता अपरिहार्य रहेको बताए। 'कुनै पनि दलले निशेधको राजनीति गर्नुहुँदैन'- नेता शिवाकोटीले भने-'नेपालका राजनीतिक दलहरु सबै एउटै डुङ्गामा छन् डुब्दा सबै डुब्छन्, किनार लाग्दा पनि सबै लाग्छन्।' संविधान नचाहनेहरुले देशमा अस्थिरता सिर्जना गर्न खोजेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**झापा, असोज २६।** जबरजस्ती करणी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउ पर्नेमा मेचीनगर-१२का ४० वर्षीय युवराज बराइली रहेका छन्। उनलाई १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ। बराइलीले ती बालिकालाई बिभिन्न प्रलोभन एवम् धाक-धम्की समेत दिएर जबरजस्ती करणी गरेको इलाका प्रहरी कार्यालय धुलावारीले जनाएको छ।

## ६ केजी गाँजासहित पक्राउ



**बिर्तामोड, असोज २६।** प्रहरीले छ किलो ग्राम गाँजासहित एक जनालाई सुनमाईबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बुद्धशान्ति गाउँपालिका -४ निवासी २२ वर्षीय सुरेन तामाङ रहेका छन्। उनलाई प्रहरीको विशेष टोलीले मे१च ६६८५ नम्बरको टाटा सुमो गाडीमा लुकाएर इलामबाट झापातर्फ गाँजा ल्याउँदै गर्दा पक्राउ गरेको हो।

पक्राउ परेका तामाङलाई इलाका प्रहरी कार्यालय धुलावारीमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।



## सूचना ! सूचना !! सूचना !!!

**खप्तडी बुढाथोकी क्षेत्री सेवा समाज** (R.B.S) झापाद्वारा निर्माण भएको जि.का.स. झापाको भवन तथा सभाहल निर्माण कार्य सम्पन्न भइसकेको हुँदा मिति २०७६ साल कात्तिक ७ गते बिहीबारका दिन समुद्घाटन हुने भएकाले झापाबासी सम्पूर्ण सप्तडी बुढाथोकीहरुलाई उक्त कार्यक्रममा उपस्थिति भइ दिनु हुनका लागि हार्दिक अनुरोध गर्दछौं।

**मिति : २०७६ साल कात्तिक ७ गते**

**स्थान : बिर्तामोड नपा-९, नडियाबारी** **समय : दिनको १०:०० बजे**

**असमर्थताको लागि मो. नं.:- ९८४२६३१३५२, ९८१४०२३६१५**

**जिल्ला कार्य समिति, झापा**

## सूचना ! सूचना !! सूचना !!!

झापाको बिर्तामोडबाट प्रशारण हुन लागेको एक प्रतिष्ठित अनलाइन टेलिभिजनका लागि निम्न अनुसारका सञ्चारकर्मी र कर्मचारीहरु आवश्यकता भएकोले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

१) पदः समाचार वाचक तथा सम्पादक संख्या – १ जना

२) पदः कार्यालय प्रतिनिधि संख्या १ जना

योग्यताः

**समाचार वाचक तथा सम्पादकको हकमा**

१) कम्तीमा +२ गरेको हुनुपर्नेछ।

२) पत्रकारिता विषय अध्ययन गरेको वा तालिम/ सिप हासिल गरेको।

३) प्रष्ट आवाज भएको र समाचार सम्पादन गर्न सक्ने।

५) कम्प्युटरमा टाइपिङ/इडिटिङ र न्यूज इटिडिङ गर्न सक्ने हुनुपर्नेछ।

**कार्यालय प्रतिनिधिको हकमा**

१) समाचार सम्बन्धी ज्ञान भएको, मार्केटिङ र विज्ञापन संकलन र जनसम्पर्कमा राम्रो दखल भएको हुनुपर्नेछ।

**सेवा सुविधाः श्रमजीवी पत्रकार ऐन बमोजिम हुनेछ।**

**ग्लोबल सञ्चार मिडिया प्रा.लि.**

शनिश्चरे रोड, हिमालय बैंक छेउ

अफिस सम्पर्कः ०२३-५४३०६९, ९८१०२५२८८२

## नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड**

सम्पर्क : **निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)**

## पुनः भर्ना सम्बन्धी सूचना

**शैक्षिक सत्र २०७७मा प्राविधिक शिक्षकतर्फ रेडियोग्राफी ल्याब टेक्निसियन कार्यक्रममा पुनः प्रवेश हुने भएकाले इच्छुक विद्यार्थीहरुले तुरुन्त सम्पर्कमा आउन हुन यो सूचना प्रकाशिबत गरिएको छ।**

**न्यूनतम् शैक्षिक योग्यताः** एसईई/ एसएलसीमा उत्तर्णि

**फारम भर्ने अन्तिम मितिः** कात्तिक १ गते शुक्रवार २०७६

**कञ्चनजंघा इन्स्टीच्यूट अफ हेल्थ एण्ड साइन्स**

बिर्तामोड-२, झापा (९८४९०४८३६५, ९८१७०९०३६७)

## दशैं शुभकामनासहित स्पेशल परिकारहरु



२०७६को विजयादशमी, शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक, शुभचिन्तक, कर्मचारी तथा देशविदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**हाम्रा स्पेशल परिकारहरु**

चाइनिज, इण्डियन, कन्टीनेन्टल, नेपाली खाना, म:म, चाउमिन साथै सम्पूर्ण पेय पदार्थ।

**तन्दुरी र विर्यानीको स्पेशल परिकार**

**होम डेलिभरीको समेत व्यवस्था छ।**

**मिटिङ्ग पोइन्ट रेष्टुरेन्ट एण्ड बार**

**मुक्तिचोक, भद्रपुररोड, बिर्तामोड**

**फोन नं. ०२३-५४६२१८, ९८५२६४०४७३**


## आकर्षक घडेरी बिक्रीमा



**बिर्तामोड-६, बुट्टाबारी अटो ल्याण्डभित्र रहेको ९ देखि १५ धुरका उपयुक्त घडेरीहरु विक्रीमा छ।**

सम्पर्कः **९८५१०८८८२३६, ९८१५०१८०००**

## ३६ फुट मुख भएको आकर्षक घडेरी विक्रीमा




सम्पर्क
**९८५१११८१२९, ९८४१४९७९९९**



## संविधान ...

बताउँदै उनले यसप्रति सचेत रहन सबै दललाई आह्वान पनि गरे ।

कार्यक्रमका अर्का वक्ता नेकपा झापाका अध्यक्ष चिन्तन पाठकले दलीय एकता र सद्भावबाटै संविधान घोषणा भएको बताउँदै संविधान कार्यान्वयनको जिम्मेवारी सबैको काँधमा रहेको बताए । झापामा दलीय एकता कायम रहेको बताउँदै उनले कृषि, पर्यटन र संस्कृतिमार्फत झापालाई समृद्ध बनाउन सकिने धारणा राखे । कांग्रेसले आयोजना गर्ने शुभकामना आदान-प्रदानमा आफू विगतदेखि नै सहभागी हुने गरेको बताउँदै उनले भने-'वीपीले दिन खोज्नुभएको सन्देश र यस कार्यक्रमले दिने सन्देश राम्रो छ, यो मुलुककै लागि आवश्यक छ ।'

सभापतिको आशनबाट बोल्दै नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले संविधानप्रति असहमत रहेका दललाई पनि मेलमिलाप नीति अपनाएर सहमतिमा ल्याउनुपर्ने बताए । उनले भने- 'संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सबै दलको प्रयत्नबाट सम्भव भएको थियो, अहिले लोकतान्त्रिक गणतन्त्र प्राप्त भइसकेको छ, दलीय एकतालाई कायम राखेर मात्रै मुलुकलाई समृद्ध बनाउन सकिन्छ ।'

कार्यक्रममा प्रदेश सांसद ओमप्रकाश सरावगीले नेपाली कांग्रेसका संस्थापक नेता वीपी कोइरालाले शुरु गरेको शुभकामना आदान-प्रदान कार्यक्रमले वेग्लै ऊर्जा प्रवाह गर्ने बताए । उनले भने- 'यसले अन्तरदलबीचको आपसी सद्भावको वातावरण सिर्जना गर्छ, कार्यकर्तामा राजनीतिक ऊर्जा प्रवाह गरेको छ ।'

अन्तर्राष्ट्रिय झापाली समाजका संरक्षक दिनेश पोखरेलले यस प्रकारका कार्यक्रमले राम्रो राजनीतिक संस्कार दिने बताउँदै मुलुकको विकासका लागि अन्तर्दलीय सहकार्य आवश्यक रहेको बताए ।

त्यस्तै अन्तर्राष्ट्रिय झापाली समाजकै बरिष्ठ उपाध्यक्ष तथा किङ्स्टन इन्स्टीच्युट अष्ट्रेलियाका पि.इ.ओ. दीपक खनालले शुभकामना आदान-प्रदानले एकआपसमा आत्मीयता बढाउने बताए । उनले भने- 'सबै दल मिल्ने हो भने विकास र समृद्धि यसअघि नै भइसक्थ्यो । समृद्धिका लागि हातेमालो गर्न हामी पनि तयार छौं, देशको विकासका लागि सबै मिलेर काम गरौं ।'

विर्तामोड नगरपालिका वडा नं. १०का वडाध्यक्ष दुर्योधन गुरुङले सबै पार्टीलाई समेट्नु शुभकामना आदान-प्रदान कार्यक्रमको राम्रो पक्ष भएको बताए । उनले भने- 'चुनावमा प्रतिष्पर्धामा रहेका साथीहरु पनि कार्यक्रममा सहभागी भएर बधाई दिँदै जानुभयो । यसले असल राजनीतिक संस्कारको विकास गर्छ ।'

नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेलले कार्यक्रमको औचित्य, मेलमिलाप नीति र चियापान समारोहका बारे प्रकाश पार्दै स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रेम सम्बाहाम्फेले गरेका थिए ।

# राजनीतिक विज्ञान र संगीतको विज्ञानलाई जोड्न पहल

**झापा, असोज २६।** नेपालको राजनीतिक विज्ञान र संगीतको विज्ञानलाई जोड्ने पहल थालिएको छ ।

नेपालको राजनीतिक आन्दोलनमा गीत संगीतको भूमिका महत्वपूर्ण रहेको भन्दै संगीतकार टीका भण्डारीले यस्तो पहल शुरु गरेका हुन् । जसका लागि झापाको मेचीनगरमा संगीतकार भण्डारीले 'नेपालको राजनीतिमा प्रगतीशील गीतको भूमिका' विषयक कार्यक्रमको आयोजना गर्दै २०४६ सालसम्मका गीतलाई आधार बनाएर झापालीसंग राय सुझाव लिने भएका हुन् ।



रेडियो नेपालका उप निर्देशक समेत रहेका संगीतकार भण्डारीले आफ्नै गृह जिल्लाबाट यो अभियानको शुरुवात गरेका हुन् । कार्यक्रम झापाको धुलावारीमा असोज २७ गते आयोजना गरिँदैछ ।

गीतभित्र के त्यस्तो तत्व हुन्छ, के तत्वले समाज परिर्वतन, राजनीतिक परिर्वतन र जीवन नै परिर्वतनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ त्यो विषयमा छलफल हुने संगीतकार भण्डारीले बताए ।

कार्यक्रममा झापाका प्रवुद्ध वर्गको सहभागीता रहेने छ । धुलावारीस्थित उद्योग वाणिज्य संघको सभाहलमा कार्यक्रम हुने भएको हो । पहिलो चरणमा झापामा सुझाव संकलनपछि मोरङ, सिन्धुपाल्चोक, काठमाडौं लगायतका जिल्लाहरु समेत तथ्याङ्क संकलन गरिने भएको छ ।

# प्रदेश-१मा 'घरजम'




मौषम लिम्बू 'फुलन्देको बाउ' ले निर्देशन गरेको नेपाली चलचित्र 'घरजम' को प्रदेश नम्बर १मा बिषेश प्रदर्शनी हुने भएको छ । पारिवारिक तथा सामाजिक कथाबस्तु बोकेको चलचित्रको यसअघि हङकङमा विशेष प्रदर्शनी भइसकेको छ ।

चलचित्रको धुलावारी, बिर्तामोड, दमक, धरान, इलाम, पाँचथर र ताप्लेजुङमा बिषेश प्रदर्शनी हुने भएको हो । किशोर पंधाक र सीता तुम्बापोको निर्माणमा बनेको मौलिक नेपाली चलचित्र घरजमको पाँचथरको याङ्वरक र काठमाडौमा छायांकन गरिएको छ ।

चलचित्रमा बुद्धि तामाङ, सिर्जना सुब्बा, यासेली योङहाङ लगायत थुप्रै कलाकारहरूको अभिनय रहेको छ भने कथा उपेन्द्र सुब्बाले लेखेका हुन् । यस अघि चेसुङ, मासेमी, विछोड, छिमेकी, हिङ्मन चलचित्र बनाइसकेका निर्देशक मौषम लिम्बू हङकङमा बसोबास गर्दै आएका छन् ।

कात्तिक २ गते दमकको पाथिभरा चलचित्र हलमा बिषेश प्रदर्शनी गरेर धरान, बिर्तामोड र धुलाबारीमा प्रदर्शन गरिने लिम्बूले जानकारी दिए । खासगरी लिम्बू समुदायमा हुने बिवाहको पेरिफेरीमा यसको कथा घुमेको लिम्बूले जनाए ।

# दाइजोको निहुँमा हत्या

**बिर्तामोड, असोज २६।** दाइजो नदिएको भन्दै जोगबनीमा एक महिलाको हत्या भएको छ ।

विराटनगर-११ पञ्चमुखी चोकका मनिकचन्द सहनीकी २२ वर्षीया छोरी रञ्जुदेवी सहनी (बहरदार) को जोगबनीमा हत्या भएको हो ।

भारतको अररिया जिल्लामा पर्ने परवाना नदीको मिरगन्ज पुलनजिकै रञ्जुको हत्यापछि शवलाई पानीमा डुबाएर राखेको अवस्थामा भेटिएको थियो ।

शवको पोष्टमार्टमपछि नेपाल नै ल्याएर दाहसंस्कार गरिने मृतकका माइतीपक्षले बताएका छन् । हत्यामा संलग्न चार जनालाई भारतीय प्रहरीले पक्राउ गरेको छ । जोगबनी प्रहरी चौकीका इञ्चार्ज अफताब अहमदका अनुसार रञ्जुका श्रीमान् भीम बहरदार, जेठाजु अर्जुन बहरदार, ससुरा सैनी बहरदार, छिमेकी शिवानन्द मुखिया पक्राउ परेका छन् ।

हत्यामा संलग्न चारजनाविरुद्ध रञ्जुका माइतीपक्षले भारतीय प्रहरीसमक्ष ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गराएका छन् । पक्राउ परेका चार जनामाथि थाना कार्ड नम्बर ३०३ र १९को दफा ३०४ बी, २०१ र भारतीय दण्ड विधान ३४ अन्तर्गत मुद्दा दर्ता भैसकेको जोगबनी प्रहरी थानाले जनाएको छ ।

**रञ्जुको हत्याको कारण दाइजो**

गएको फागुनमा भारतको अररिया जिल्लाको तकिया निवासी २५ वर्षीय भीम बहरदारसँग रञ्जुदेवीको विवाह भएको थियो ।

विवाहपछि बहरदार परिवारले पटक-पटक रञ्जुलाई दाइजोको विषयमा मानसिक र शारीरिक यातना दिँदै आएका थिए र दाईजोकै दबाबका कारण माइतीपक्षले केही समय अगाडि मात्र मोटरसाइकलसमेत किनेर दिएको बताएका छन् ।

'हामीले भर्खरै मात्र ९० हजारको मोटरसाइकल किनिदिएका थियौं'- रञ्जुका हजुरबुबा उमालाल सहनीले भने- 'फेरि छोरीका सासु-ससुरा र श्रीमानले पसल गर्न भनेर दुई लाख मागे, त्यो दिन नसकेपछि यसरी हत्या भएको हो ।'

यसअघि पनि छोरीलाई सासू-ससुरा र श्रीमानले पटक-पटक दाइजोको लागि यातना दिँदै आएको उमालालले बताए । पछिल्लो पटक माग गरिएको दुई लाख नदिएकै कारण नातिनीले ज्यान गुमाउनु परेको उमालालको भनाइ छ ।

## दुई खर्बको ...

जलस्रोत तथा सिञ्चाइमन्त्री वर्षमान पुनका अनुसार कूल ७६२ मेगावाट क्षमताको तमोर जलाशययुक्त आयोजना र १५७ मेगावाट क्षमताको माडी खोला जलाशयुक्त आयोजना निर्माण गर्ने विषयमा समझदारी भएको हो ।

नेपाल र चीनका दुई सरकारी कम्पनीको समन्वयमा प्रदेश नं. १मा रहेको रणनीतिक महत्वको तमोर जलविद्युत् आयोजना निर्माण गर्ने समझदारी भएको हो । प्रधानमन्त्री अध्यक्ष रहने लगानी बोर्डमा पेश गरिएको प्रस्तावमा एचआइडीसीएल र पावर चाइनाले विभिन्न ढाँचा प्रस्ताव गरेका थिए । मन्त्री पुनका अनुसार आगामी एक वर्षभित्र आयोजनाको निर्माणसम्बन्धी सबै तयारी गर्ने छ । उनका अनुसार माडी जलाशययुक्त आयोजना प्रदेश नं. ५को रोल्पामा अवस्थित छ ।

एचआइडीसीएलका प्रमुख कार्यकारी अधिकृत छविराज पोखरेलका अनुसार लामो समयदेखि चर्चामा रहेको तर प्रक्रिया अगाडि बढ्न नसकेको तमोर जलाशययुक्त आयोजनालाई सरकारी-सरकारी कम्पनीबीचको साझेदारीमा निर्माण गर्ने गरी छनोट भएको छ । लगानी बोर्डमा त्यससम्बन्धी प्रस्ताव यसअघि नै दर्ता भएको थियो ।

नेपाल र चिनियाँ सरकारी कम्पनीबीचको सहकार्यमा आयोजना निर्माणको समझदारी भएको यो पहिलोपटक हो । हालसम्म यो ढाँचामा आयोजना निर्माण भएका थिएनन् । नेपाल र चीनको निजी कम्पनीको सहकार्यमा सिनो सगरमाथा हाइड्रोपावरले लमजुङमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ तर सरकारीस्तरमा नै आयोजना निर्माणका लागि सरकारी कम्पनीस्तरको प्रयास भने यो पहिलोपटक हो ।

यसअघि नै बोर्डमा गरिएको प्रस्तावमा पनि दुई वटा ढाँचा प्रस्तुत गरिएको थियो । त्यसमा नेपाली साझेदार र सर्वसाधारणको ४६ प्रतिशत तथा पावर चाइनाको ५४ प्रतिशत लगानी हुने गरी प्रस्ताव गरिएको थियो ।

यस्तै दोस्रो प्रस्तावमा एचआइडीसीएल, नेपाली लगानीकर्ता र सर्वसाधारणको गरी कूल ७१ प्रतिशत लगानी रहने प्रस्ताव गरिएको थियो । त्यसमा पावर चाइनाको मात्रै २९ प्रतिशत लगानी हुने प्रस्ताव गरिएको थियो । सोही प्रस्ताव अनुसार नै आयोजना अगाडि बढाइनेछ तर लगानीको मात्रा के कति हुने भन्नेबारेमा भने केही बताइएको छैन ।

सरकारले प्रस्ताव गरे अनुसार प्रदेश नं १ को ऊर्जा सुरक्षाका लागिसमेत महत्वपूर्ण मानिएको सो आयोजनालाई सरकारी कम्पनीस्तरमा नै अगाडि बढाउने गरी प्रस्ताव गरिएको एचआइडीसीएलका प्रमुख कार्यकारी अधिकृत पोखरेलको भनाइ छ ।

समझदारीपत्रमा उपस्थित ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेका अनुसार माडी जलाशययुक्त आयोजनामा एचआइडीसीएलको २६ प्रतिशत र पावर चाइनाको ७४ प्रतिशत लगानी रहनेछ । तमोर आयोजनाको ऋण व्यवस्थापन तथा अन्य कार्य पावर चाइनाले गर्नेछ । सोही अनुसार नै समझदारी गरिएको पोखरेलको भनाइ छ । सार्वजनिक-निजी साझेदारीमा आयोजना निर्माण गर्ने गरी प्रस्ताव गरिएको हो । सो आयोजनालाई पूर्वको मोतीका रुपमा समेत ऊर्जा क्षेत्रमा लिने गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय मातहत रहेको एचआइडीसीएलले निर्माणाधीन विभिन्न जलविद्युत् आयोजनामा लगानी गरेको छ । गत चैत १५ र १६ गते सम्पन्न भएको लगानी सम्मेलनमा ऊर्जातर्फ सोही आयोजनाका लागि दुई वटा प्रस्ताव प्रस्तुत भएको थियो । सो आयोजनाको अनुमानित लागत रु. एक खर्ब ८० अर्ब जति लाग्नेछ ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएपछि मात्रै के कति लगानी लाग्ने हो त्यसको पुष्टि हुनेछ । गत साउन १६ गतेको बोर्ड बैठकले एचआइडीसीएल तथा पावर चाइना संयुक्त र कतारको नेब्रस पावर तथा जापानको फुजी इलेक्ट्रिकलाई छनोट गरी प्रस्ताव माग गरिएको थियो ।

हाल उक्त प्रस्तावमाथि ऊर्जा, जलस्रोत तथा सिञ्चाइमन्त्री वर्षमान पुनको संयोजकत्वमा गठित समितिले मूल्याङ्कन गरेको थियो । सोही समितिको मूल्याङ्कन अनुसार नै आज समझदारीपत्रमा हस्ताक्षर भएको हो । लगानी सम्मेलनमा आएको प्रस्तावका आधारमा निर्णय भएको समझदारीपत्र हस्ताक्षर समारोहमा सहभागीले बताएका छन् ।

तमोर जलाशययुक्त आयोजना निर्माणपछि हाल निर्माण भई सञ्चालनमा आइसकेको एक र निर्माणाधीन आयोजनासमेत विस्थापित हुनेछ । ऊर्जा उत्पादनको हिसाबले बुढीगण्डकी जलविद्युत् आयोजनाको हाराहारीमा नै सो आयोजनासमेत रहेकाले पनि आकर्षक आयोजनाको रुपमा लिइन्छ ।

आयोजनाबाट विशेष गरी पूर्वी नेपालको पाँचथर, ताप्लेजुङ, तेह्रथुम र संखुवासभा जिल्ला प्रभावित हुनेछ । बुढीगण्डकी जलविद्युत् आयोजनामा करिब ५० हजार बासिन्दालाई क्षतिपूर्ति दिएर हटाउनुपर्ने अवस्था रहेको छ ।

तमोरमा भने असाध्यै कम मात्रै क्षतिपूर्ति दिनुपर्ने अनुमान गरिएको छ । हस्ताक्षर समारोहमा मन्त्री पुन, सचिव घिमिरे र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीलगायतको सहभागिता थियो भने पावर चाइनाका उच्च अधिकारी सहभागी थिए ।

## यस्तो छ ...

लगानी तथा सहयोग अभिवृद्धि सम्बन्धी समझदारीपत्र ।

६.नेपाल र जनवादी गणतन्त्र चीनबीच सिचुआन प्रान्तको राजधानी छन्दुमा नेपालको महावाणिज्यदूतावास स्थापना गर्नेसम्बन्धी 'लेटर अफ एक्सचेन्ज' ( आदान प्रदानपत्र)

७.नेपालको भौतिक तथा यातायात मन्त्रालय तथा जनवादी गणतन्त्र चीनको यातायात मन्त्रालयबीच चीन नेपाल सीमापार रेलपरियोजनाको सम्भाव्यता अध्ययन सम्बन्धी समझदारीपत्र ।

८.नेपालको काठमाडौँ महानगरपालिका र जनवादी गणतन्त्र चीनको नान्जिङ शहरबीच भगिनी सम्बन्ध स्थापनाको सम्झौता ।

९.नेपालको बुटवल उपमहानगरपालिका र जनवादी गणतन्त्र चीनको सियान नगरबीच भगिनीसम्बन्ध स्थापनाको सम्झौता ।

१०. नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र जनवादी गणतन्त्र चीनको परम्परागत औषधि व्यवस्थापन राष्ट्रिय प्रशासनबीच परम्परागत उपचार पद्धतिमा सहयोगसम्बन्धी समझदारीपत्र ।

११. नेपालको गृहमन्त्रालय र जनवादी गणतन्त्र चीनको आपत्कालीन व्यवस्थापन मन्त्रालय मन्त्रालयबीच दैवीविपत्ति न्यूनीकरण तथा आपत्कालीन द्रुत उद्धारका लागि सहयोग सम्बन्धी समझदारीपत्र ।

१२. नेपालको महान्यायाधीवक्ताको कार्यालय र जनवादी गणतन्त्र चीनको सर्वोच्च महान्यायाधीवक्ताको कार्यालयबीच सहयोग सम्बन्धी समझदारीपत्र ।

१३. नेपालको त्रिभुवन विश्वविद्यालय र कन्फ्युसियस अध्ययन संस्थानको मुख्यालयबीच त्रिभुवन विश्वविद्यालयमा कन्फ्युसियस अध्ययन संस्थान स्थापन गर्नेसम्बन्धी सम्झौता ।

१४.नेपालको कृषि विभाग र जनवादी गणतन्त्र चीनको सामान्य भन्सार प्रशासनबीच अमिला वर्गका फलफूल चीन निर्यात गर्ने सम्बन्धी फाइटोस्यानेटरी आवश्यकता सम्बन्धी प्रोटोकल ।

१५. नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालयबीच व्यापारसम्बन्धी संयुक्त कार्यदल गठनको समझदारीपत्र ।

१६. चिनियाँ सहयोगमा नेपालमा भूकम्प अनुगमन सञ्जाल परियोजना आपूर्ति तथा स्वीकार प्रमाणपत्र ।

१७. नेपालको अर्थ मन्त्रालय र जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालयबीच लगानी सहयोग कार्यदल गठन सम्बन्धी समझदारीपत्र ।

१८. नेपालको अर्थमन्त्रालय र चिनियाँ अन्तरराष्ट्रिय विकास सहयोग नियोगबीच सुरुङ निर्माण सहयोग सम्बन्धी समझदारीपत्र ।

१९.सीमा सुरक्षा तथा कार्यालय उपकरणका लागि 'लेटर अफ एक्सचेञ्ज' (आदानप्रदानपत्र) ।

२०.चीनको सहयोगमा काठमाडौँ उपत्यकाका नगर क्षेत्रमा खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययन सम्बन्धी बैठकका निर्णय ।

**Teachers wanted in Sindhuli**

School located in headquarter
**Secondary Social Teacher** - Rs 30000+(Extra incentive on coaching)
**L. secondary Computer Teacher**- 15000+ (Extra incentive on typing questions & official documents)
**Contact: Principal**
**9854042731; 9817858342**


**कर्मचारी आवश्यकता**

कुक : २ जना
वेटर : ४ जना
किचन हेल्पर : २ जना
दशैं नमनाउनेहरु कोही इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्कः ९८१४९९७८८७**

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना**

यस चौतारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट शिवसताक्षी-८ झिलझिले तपशिलमा उल्लेखित ऋणीहरुले उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम वुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी सर्त तथा बन्देजहरु उल्लंघन गरेको र सो सम्बन्धमा सम्वन्धित ऋणीलाई पटक-पटक मौखिक तथा लिखित रुपमा कर्जा वुझाउन ताकेता गर्दा समेत ऋणीले आल टाल गरी कर्जा चुक्ता नगरेकोले सस्थाबाट ३५ दिने कर्जा चुक्ता सम्बन्धी पहिलोपटक यो सूचना प्रकाशित गरेको छौं । ३५ दिनभित्र साँवा, व्याज र समय गुजार्दा लाग्ने हर्जना समेत वुझाउन हुन सम्वन्धित सवैमा सुचित गरिन्छ । अन्यथा प्रचलित कर्जा लगानी कारोवार ऐन अनुसार हुने व्यहोरा जानकारी गराईन्छ ।

**ऋणीको नाम, थर र ठेगानाः असल भक्त राई**
वुवाः मनीजंग राई
नागरिकताः ३३३७/५७
जारी मितिः २०४६/१२/१९
ठेगानाः खोटाङ साविक सप्तेश्वर गाविस
वडा नम्बर १ हाल विर्तामोड झापा



**१) साक्षी/ धितो जमानत दिनेको नामः बाबु राई**
बुवाः खड्ग वा राई
ठेगानाः खोटाङ साविक सप्तेश्वर गाविस
वडा नम्बर १ हाल विर्तामोड झापा
नागरिकता नम्बरः १२१०६५/८९
जारी मितिः ०६७/०७ /२५

**२) साक्षी/ धितो जमानत दिनेः नगेन्द्र राउत**
बुवाः रणवहादुर राउत
ठेगानाः झापा, साविक गरामनी गाविस वाड नम्बर १
नागरिकता नम्बर ९१५२५२३
जारी मितिः ०५१/१२ /०५



**धितोको विवरण**
रिम्वी खिम्ती कृषि फर्मको नाममा दर्ता रहेको जिल्ला झापा साविक डाँगीबारी गाविस वडा नम्बर १को किनं ४५५ को जवि १-०-०-० साविक कि.नं. ४६५को ०-१४-०-०

**चौतारी बचत तथा ऋण सहकारी संस्था लि.**
**शिवसताक्षी नगरपालिका वडा नम्बर-८, झिलझिले झापा**

**भिटा विक्रीमा**

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम । अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।
मो. ९८२३७२६९७९

**विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना**

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।५।२७ | ११ केभी गरामनी फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको बिर्तामोड नपा वडा नं. १० गोलधाप क्षेत्र सबै | विहान ७:०० बजेदेखि दिउँसो ५ बजेसम्म | ब्रुस कटिङ तथा लाइन मर्मत कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

**Private / Open SEE 2076**

प्राईभेट SEE कक्षा-१० को आठ औंटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।
**पाइथागोरस एजुकेशन फाउण्डेशन**
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो ग्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२५९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## नेपाल-चीन सम्बन्ध बलियो होस्


**आवागमनले मित्रता बढाउँछ । मित्रताले हार्दिक र सद्भावपूर्ण सम्बन्ध स्थापित हुन्छ । यसले परम्परादेखिको सम्बन्धलाई अझ बलियो र चिरस्थायी बनाउँछ । विश्व सभ्यताकै अंश जस्तै भएको 'आउने-जाने' प्रक्रियाले दुई व्यक्ति, समूह वा राष्ट्रलाई नजिक ल्याउँछ, एकाकार गराउँछ र पछि परेकाहरु पनि समृद्धिको यात्रामा सामेल हुन पाउँछन् । नेपालको निर्माण भएसँगै शुरु भएको यस्तो सम्बन्ध अझै व्यापक बन्दै गएको छ । जसले नेपालको भौतिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।**

**त्यही परम्परागत नियमितताभित्र चीनका राष्ट्रपति नेपाल भ्रमणमा आए । चीन दक्षिण पूर्व वा एसियामा मात्र होइन विश्व समाजमै आर्थिक समृद्धिका दृष्टिले सवल र उन्नत राष्ट्रको पहिचान बनाएको देश हो । राजकुमार सङचङ गम्पोसँग भृकुटीको विवाह भएपछि शुरु भएको औपचारिक सम्बन्धको इतिहास धेरै पुरानो हो । उनकै कारण चीन र तिब्बतसम्म बौद्ध धर्म र दर्शनको फैलावट भएको इतिहास नै छ । त्यसकै निरन्तरताका रुपमा चीनका राष्ट्रपति सी चिनफिङ दुई दिने भ्रमणका लागि काठमाडौं आए । उनको आगमनबाट कति लाभ लिन सकिन्छ त्यो भौतिक तराजुमा जोख्नु दरिद्रता हुनसक्छ ।**

**नेपाली जाति स्वाभिमानी भनिएको छ । इतिहासमा हाम्रा पूर्वजहरुले व्यक्ति लाभ त्याग गरेर आर्जन गरेको स्वाभिमानी गौरव वर्तमानका नेतृत्वले थाम्न सक्दैनन् निश्चित छ । धनी, ठूला र शक्ति सम्पन्न राष्ट्रका प्रमुखहरुको आगमनलाई ऋण, अनुदान र सहयोगमा कसरी उपयोग गर्न सकिन्छ भन्ने ध्याउन्न, चिन्तन र मानसिकता देखिने गरेको छ । चीनले गर्ने लगानी वा सहयोग निस्वार्थ हुनै सक्दैन । आफ्नो स्वार्थ प्रतिकूलका कुनै लगानीको अपेक्षा गर्नु केटाकेटीपन हुनसक्छ ।**

**चीनका राष्ट्रपतिको तेइस वर्षपछिको राजकीय र औपचारिक भ्रमणलाई राष्ट्रिय स्वार्थ अनुकूल बनाउन सत्तासीन नेतृत्व, दल र सरकारको अभीष्ट हुनुपर्छ । यसमा कति सफलता हात लाग्छ त्यसैले कुटनीतिक क्षमताको मूल्यांकन गर्नेछ । 'भूपरिबेष्टित नेपाललाई भूजडित' बन्न सघाउँछौ भनेर विशिष्ट पाहुनाले उद्घोष गरेको सन्दर्भले हाम्रा अगुवाहरुको क्षमता, इच्छाशक्ति दृढता र कर्मठताको पनि परीक्षण गर्नेछ । यसतर्फ सचेत देशबासीको समेत सजग र इमानी खबरदारी रहनु पर्दछ ।**

# नेपाल–चीन मित्रता र सी चिनफिङको भ्रमण



तीर्थराज खरेल

अमेरिकी र जापानी साम्राज्यवाद र थिचोमिचोको अपमान र कहर काटेर लगन, मेहनत र देशभक्तिको भावनाले ओतप्रोत भएर छोटो अवधिमा चीनले अभूतपूर्व विकास गरेको छ। चिनिया कम्युनिष्ट पार्टीको नेतृत्वमा दीर्घकालीन जनयुद्धको गाउँले शहर घेर्ने रणनीति अनुरुप च्याङकाई सेकको सत्तालाई उल्टाएर चीनमा साम्यवादी सत्ता स्थापना भएको थियो सन् १९४९ मा। त्यसयता आफैभित्रका अनेकौं नीति र रणनीतिमा फेरबदल गर्दै चीन आज संसारकै सम्पन्न र विश्वशक्तिको रुपमा उभिन सफल भएको छ।

परापूर्वकालदेखि चलिआएको नेपालको चीनसँगको सम्बन्धको हालै सम्पन्न चिनियाँ राष्ट्रपति सी चिनफिङको दुई दिवसीय राजकीय भ्रमणले नयाँ उचाइमा पुऱ्याउँदै नवीकरण गरेको छ। नेपाल-चीन सम्बन्ध सागर झैँ गहिरो र सगरमाथा जस्तै उच्च रहेको छ। पञ्चशीलमा आधारित दुई देशबीचको न्यानो सम्बन्धलाई यो भ्रमणले थप उचाइमा लैजानेमा सबै पषको विश्वास छ। मूल कुरा व्यापारिक र आर्थिक होइन, दुर्य असल छिमेकीबीचको पारस्परिक विश्वास, सम्मान र हितमा आधारित सु-सम्बन्ध हो। घनिष्ठ, मजबुत तथा समस्यारहित रहेको सम्बन्धलाई अझ प्रगाढ बनाउन यो भ्रमण सफल भएको छ।

नेपाल र चीनबीचको सम्बन्ध राज्यस्तरमा मात्र सीमित छैन, यो त सदियौंदेखि सामाजिक, सांस्कृतिक सम्पर्कमा आधारित छ। चिनियाँ भिक्षु फा सियान र हु यान साङ तथा नेपाली भिक्षु बुद्धभद्र, राजकुमारी भृकुटी र कलाकार अरनिकोले जनस्तरको सांस्कृतिक सम्बन्धलाई समृद्ध बनाउन ठूलो योगदान दिएको आज सबैले स्मरण गर्ने विषय हो।

चीन नेपालको असल छिमेकी हो। उसले नेपालको आन्तरिक मामिलामा कहिल्यै हस्तक्षेप गरेको इतिहास छैन। नोपलमा राजतन्त्र, संसदीय प्रजातन्त्र वा गणतन्त्र जस्तो व्यवस्था भए पनि उसले एकै प्रकारको शान्त कूटनीति अबलम्बन गर्दै आएको छ। नेपालमा राजनीतिक स्थायित्वसँगै सामाजिक सद्भाव र शान्ति कायम भएकामा चीन अत्यन्त खुशी लागेको, चीन र नेपालबीच राजनीतिक एवम् जनस्तरमा अझ घनिष्ठ सम्बन्ध कायम भएको र दुई देशबीच दौत्य सम्बन्ध स्थापना भएको आधा शताब्दीमा पारस्परिक मैत्री अझ झाँगिएको राष्ट्रपति सी जिन फिङले बताएका छन्। दुई देशको सम्बन्धमा केही समस्या छैन, मित्रता मात्र छ भन्दै राष्ट्रपति सीले भूपरिवेष्ठित (ल्याण्डलक्ड्) नेपाललाई भूजडित (ल्याण्डलिङ्क्ड्) तुल्याउन चीनले नेपाललाई मद्दत गर्ने प्रतिबद्धता व्यक्त गर्नु आफैमा महत्वपूर्ण कुरा हो। बढीभन्दा बढी व्यापारिक नाका खोल्न र भूकम्पपछिको पुनःनिर्माणमा अझ सहायता वृद्धि गर्न चीनले चाहेको छ।



शैक्षिक क्षेत्रमा लगानी बढाउने, बढीभन्दा बढी चिनियाँलाई नेपाल भ्रमण गर्न अभिप्रेरित गर्ने र जलवायु परिवर्तन सम्बन्धी नेपालको चासोलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै चिनियाँ राष्ट्रपतिले हाम्रो साझा गृह पृथ्वीको रक्षा र सगरमाथा क्षेत्रको पर्यावरणीय सन्तुलन कायम गर्न पनि सघाइने उनले दृढता व्यक्त गरेका छन्।

चीन र नेपालबीच सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुबै देशले एकअर्कालाई सम्मान, विश्वास र समर्थन गर्दै आएका छन्। दुई देशबीचको पारस्परिक सम्मान, मैत्रीपूर्ण सहयोगको सम्बन्ध छिमेकी मुलुकहरूबीचको राम्रो सम्बन्धको नमूना बनेको मान्न सकिन्छरु। चीन र नेपाल शान्तिपूर्ण सहअस्तित्वका पाँच वटा सिद्धान्तका आधारमा दुवै पक्षले एकअर्काको मुख्य चासोका विषयलाई दृढताका साथ समर्थन गर्दछन् र सोही अनुरुप नेपाल एकमात्र चीनको नीतिमा अडिग रहेको, त्यसको दृढताका साथ पालना गरेको छ र कुनै पनि शक्तिलाई नेपालको भूमि प्रयोग गरी चीन विरोधी गतिविधि सञ्चालन गर्न दिएको छैन।

चीनले राष्ट्रिय सार्वभौमिकता, स्वतन्त्रता, देशको अखण्डताको रक्षा गर्न र देशको अवस्था अनुरूपमा विकास मार्ग अपनाउन नेपाललाई दृढतापूर्वक समर्थन गरेको छ। चीन र नेपाल आपसी लाभ र हितका सहयोगका लागि असल साझेदार हुन्। दक्षिण एसियामा नेपाल चीनको व्यापार तथा विकासको महत्वपूर्ण साझेदार हो। गत वर्षमा द्विपक्षीय व्यापार परिमाण १.१ अर्ब अमेरिकी डलर पुगेको थियो। चीनले नेपालमा ३० करोड अमेरिकी डलरभन्दा बढी लगानी गरेको थियो। नेपालले 'बेल्ट एण्ड रोड' पहलको निर्माणमा सक्रियताका साथ भाग लिइरहेको छ र राजमार्ग निर्माण तथा स्तरोन्नति, बन्दरगाह, विमानस्थल, विद्युत् केन्द्र लगायत भौतिक पूर्वाधारको निर्माणमा चीनसँग सहकार्य गर्दैछ। यसरी हिमालय वारिपारि 'कनेक्टिभिटी नेटवर्क'को निर्माण विस्तारै हुँदैछ, जसबाट दुवै देशमात्र होइन, सम्पूर्ण क्षेत्र नै लाभान्वित हुनेछ।

वर्तमानमा नेपाल सरकार र नेपाली जनता 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य प्राप्तिका लागि अघि बढिरहेकोमा त्यसका लागि आवश्यक सहयोग गर्न चीन तयार देखिएका छ। चिनियाँ राष्ट्रपति सीले चिनियाँ र नेपाली जनताको सपना र भाग्य सँगै जोडिएको हुँदा यस युगमा दुई देशले आपसी सहयोगलाई सुदृढ पार्दै उज्ज्वल भविष्यका लागि संयुक्त प्रयास गर्नुपर्नेमा जोड दिएका छन्। रणनीतिक सञ्चारलाई प्रगाढ बनाउन नयाँ युगमा चीन-नेपाल सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन दुबै पक्षले दीर्घकालीन सम्बन्धका खाका तयार व्यवहारिक सहयोगको विस्तार गर्न आवश्यक रहेको सीको जोड छ।

हुन त चीनसँगको नेपालको सम्बन्धलाई राजनीतिको सैद्धान्तिक दायरामा राखेर हेर्ने संकीर्ण सोच पनि रहेका छन्। तर, चीनले न त विगतमा नेपालमा आफ्नो राजनैतिक प्रभुत्व लाद्ने काम नै गऱ्यो, न त भविष्यमा त्यस्तो होला भनी अनुमान लगाउन सकिन्छ। व्यापार, वाणिज्य, पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्यका क्षेत्रमा चीनले हासिल गरेको विकासबाट हामीले सिक्दा केही फरक पर्दैन र त्यसैगरी यही कुरा भारत, बेलायत, अमेरिका, इजरायल र दक्षिण कोरिया लगायतका मुलुकबाट सिक्दा केही फरक पर्दैन। तर, यही कुरालाई नेपालभित्र संशयको चश्माले हेर्नु गलत हो। नेपालको राजनीतिक व्यवस्था नेपालकै इतिहास र परिवेशबाट निर्दिष्ट हुनेमा शंका छैन।

चीनले नेपाललाई व्यापार र लगानी, पुनर्निर्माण, ऊर्जा र पर्यटन- यी चार क्षेत्रमा लगानी गर्न तयार रहेको छ। चीनले नेपालको 'नेपाल पर्यटन वर्ष-२०२०' को पूर्ण समर्थन गर्दै र अझ बढी चिनियाँ नागरिकहरूलाई नेपालमा भ्रमण गर्न प्रोत्साहित गर्ने जनाएको छ। थोपा-थोपा मिलेर समुद्र बन्ने र सबैले दाउरा थप्दै गएमा आगोको ज्वाला अझै ठूलो हुँदै जानेमा विश्वास गर्नुपर्ने राष्ट्रपति सीले बताएका छन्। दुवै देशले मैत्रीपूर्ण परम्परालाई अगाडि बढाउने र निरन्तर रूपमा आदानप्रदान र सहयोगलाई विस्तार गर्दै जाने र चीन र नेपालको हिमालय वारिपारिको मैत्रीलाई नयाँ उचाइमा पुग्ने विश्वास गर्न सकिन्छ। सीको भ्रमणले दुई देशको मित्रताले एक तह माथिको यात्रा तय गरेको छ र आपसी सम्बन्ध अझ सुदृढ बनेको छ।

*tirthakharel2028@gmail.com*

## अन्तर्राष्ट्रिय झापाली समाजले दियो पत्रकार उपचार कोषलाई ५१ हजार



**बिर्तामोड, असोज २६।** नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषका लागि अन्तर्राष्ट्रिय झापाली समाजले ५१ हजार रुपैयाँ प्रदान गरेको छ।

बिर्तामोडमा आयोजित कार्यक्रमका बीच समाजले कोषका संयोजक तथा पत्रकार महासंघका उपाध्यक्ष एकराज गिरी, पूर्व अध्यक्ष कृष्ण हुमागाई, महासंघका सहसचिव तथा कोषका सचिव केशव भट्टराईलाई उक्त रकम हस्तान्तरण गरेको हो।

कमाईको केही अंश समाजसेवा र परोपकारी काममा खर्च गर्ने सोचका साथ पत्रकार उपचार कोषलाई सहयोग गरिएको समाजका अध्यक्ष दिनेशकुमार पोखरेलले बताए। अध्यक्ष पोखरेलले झापाली पत्रकारले दीगो सोचका साथ अघि बढाएको उपचार कोषको अभियानको सराहना समेत गरे।

पत्रकारको हितका लागि एक करोड रुपैयाँको अक्षयकोष बनाउने उद्देश्यसहित महासंघद्वारा सञ्चालित अभियानमा सबैले सहयोग गरिदिन सो अवसरमा आह्वान समेत गरिएको छ। उक्त अवसरमा महासंघका पूर्व अध्यक्ष हुमागाईं, पत्रकार उमाकान्त खनालले अन्तर्राष्ट्रिय झापाली समाजलाई सहयोगप्रति धन्यवाद ज्ञापन गरेका थिए।

कोषको व्याजबाट घाइते तथा विरामी पत्रकारलाई सहयोग प्रदान गर्न समेत थालिएको छ। कोषमा हाल ४० लाख रुपैयाँभन्दा बढी जम्मा भइसकेको छ। पत्रकार महासंघको सदस्यता प्राप्त गरिसकेका एक सयभन्दा बढी पत्रकार समेत कोषको सदस्य भइसकेका छन्। कोषबाट सुविधा लिनका लागि महासंघका सदस्यले अनिवार्यरुपमा कोषको सदस्य बन्नुपर्ने कार्यविधिमा व्यवस्था रहेको छ।

## दाल-चामल किन्दा स्कुटर



**बिर्तामोड, असोज २६।** झापा अर्जुनधारा- ५ कि शारदा भट्टराई आइतवार औधी खुशी भइन्। उनी खुशी हुनुको कारण थियो नयाँ स्कुटर प्राप्त गर्नु।

बैदेशिक रोजगारको सिलसिलामा युएईमा कार्यरत् झापालीहरुको लगानीमा झापाको लक्ष्मीपुरमा स्थापना भएको ड्रिम फ्युजन डिपार्टमेन्टल स्टोरमा दशैंका लागि दाल, चामल लगायतका खाद्यान्न किनेकी शारदाले नयाँ स्कुटर प्राप्त गर्दा उनमा खुशीको सिमा नै थिएन।

एक वर्षअघि स्थापना भएको ड्रिम फ्युजन डिपार्टमेन्टल स्टोरले प्रथम बार्षिकोत्सवको अवसरमा स्थापनाकै दिनदेखि एक वर्षभित्रमा दुई हजार रुपैयाँभन्दा बढीको किनमेल गर्ने ग्राहकहरु मध्ये एक जनालाई गोलाप्रथाबाट स्कुटर उपहार प्रदान गरिने योजना अन्तर्गत शारदाले आइतबार खोलिएको बम्पर उपहारमा नयाँ स्कुटर प्राप्त गरेकी हुन्।

झापाली एकता बचत कोषको नाममा सन् २०१७ जनवरीदेखि वैदेशिक रोजगारीको सिलसिलामा युएईमा रहेका झापाली युवाहरुले कमाइको केही अंश नियमित बचत गर्दै ड्रिम फ्युजन इन्भेष्टमेन्ट प्रालि दर्ता गरी युएईमा मासिक रूपमा संकलन भएको पुँजीमा केही थपथाप गरी ५० लाख रुपैयाँको लगानीमा लक्ष्मीपुरमा ड्रिम फ्युजन डिपार्टमेन्टल स्टोर स्थापना गरिएको कम्पनीका अध्यक्ष अशोक चापागाईंले बताएका छन्।

स्टोरमा दैनिक जीवनमा प्रयोगमा आउने सम्पूर्ण सामग्रीहरुदेखि बिलासिताका सामग्रीहरुका साथमा लत्ताकपडा र खाद्यान्नहरु पनि उपलब्ध हुने संस्थाका सचिव वासु चापागाईंले जानकारी दिएका छन्।

संस्थाका अध्यक्ष अशोक चापागाईंको अध्यक्षता तथा अर्जुनधारा-५ का वडाध्यक्ष ध्यानबहादुर भारतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा निर्देशक अर्जुन भट्टराईले स्वागत गरेका थिए।

कार्यक्रममा लक्ष्मीपुर बजार व्यवस्थापन समितिका अध्यक्ष नेत्र नेपाल, अर्जुनधारा-५ का वडा सदस्यहरु सकुन्तला घिमिरे, लक्ष्मीपुर प्रहरी बिटका प्रहरी सहायक निरीक्षक रामबहादुर थापा, संस्थाकी उपाध्यक्ष लीला विमली लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव वासु चापागाईंले गरेका थिए।

## अन्तर्राष्ट्रिय झापाली समाजको नेतृत्व चयन

**बिर्तामोड, असोज २६।** प्रवासमा रहेका झापालीहरुको संस्था अन्तर्राष्ट्रिय झापाली समाजको अध्यक्षमा छत्र सुब्बा निर्वाचित भएका छन्।

बिर्तामोडमा भएको दोस्रो अधिवेशनको बन्दसत्रले आगामी दुई वर्षे कार्यकालका लागि सुब्बाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

नवगठित समितिको संरक्षकद्वयमा भवानी ओली र दिनेश पोखरेल, वरिष्ठ उपाध्यक्षमा दिपक खनाल, उपाध्यक्ष क्षेत्रीय संयोजक एशिया प्यासिफिकबाट कृष्ण चापागाईं, ओसियानाबाट दिपक चुडाल, यूरोपबाट ललित न्यौपाने, अमेरिकाबाट मुकुन्द ढुंगाना चयन भएका छन्। त्यस्तै, सहसंयोजकहरुमा क्रमशः मध्यपूर्वबाट राजन कार्की, अमेरिकाबाट बादल भुजेल चयन भएका छन्।

त्यसैगरी महासचिवमा खेमराज जमरकट्टेल र सदस्यहरुमा तीर्थराज कार्की, रिता थलङ र दुर्गा प्याकुरेल चयन भएका छन्। प्रमोद सिटौलाको संयोजकत्वमा रुपराज



मैनाली र राजु थापा रहेको तीन सदस्यीय निर्वाचन समितिले नयाँ समिति चयन गरेको हो।

'समृद्धि झापाका लागि अन्तर्राष्ट्रिय झापाली समाज' भन्ने नाराका साथ भएको अधिबेशनको प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले उद्घाटन गरेका थिए।

सोही कार्यक्रममा समाजले झापाको कमल गाउँपालिकामा रहेको बाढीपीडित मिस्त्री बस्तीका नौ परिवारलाई घर, कचनकवल गाउँपालिका र सामुदायिक प्रहरी सेवाकेन्द्र बिर्तामोडलाई एक-एक वटा एम्बुलेन्स, झापा गाउँपालिकास्थित भृकुटी आधारभूत विद्यालयमा भवन निर्माण गरी हस्तान्तरण गरेको थियो।

समाजले आगामी वर्ष जिल्लाका विभिन्न क्षेत्रमा एक अर्ब रुपैयाँको सामाजिक काम गर्ने योजना समेत रहेको संरक्षक दिनेश पोखरेलले बताए।

अधिवेशनमा समाजमा आवद्ध दुई सयभन्दा बढी प्रतिनिधि, पर्यवेक्षकको सहभागिता रहेको थियो। समाजले हालसम्म विश्वका ३४ देशमा आफ्ना सञ्जाल विस्तार गरिसकेको बताइएको छ।

